SAHAS-NEPAL

सहास-नेपाल

# सहास समाचारपत्र

अङ्क ७ कात्तिक २०६८





कोदोलाई किन जादुयी अन्न भनिन्छ ? २




३१ औं खाद्य दिवसको अवसरमा सहास नेपाल ३

## १६ औं साधारण सभा

सहयोगी हातहरूको समूह (सहास) नेपालको १६ औं साधारण सभा असोज ६ गते ललितपुरको स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानमा आयोजना भएको थियो। संस्थाका अध्यक्ष श्री ब्रह्मध्वज गुरूङ्गले उक्त कार्यक्रमको अध्यक्षको भूमिका निर्वाह गर्नु भएको थियो। यस साधारण सभामा जम्मा ४६ जनाको सहभागिता रहेको थियो। यस साधारण सभालाई २ सत्रमा सञ्चालन गरीएको थियो जसमा पहिलो खुला सत्र र दोश्रो बन्द सत्र रहेको थियो। खुला सत्रमा संस्थाद्धारा १० वटा जिल्लामा कार्यन्वयन भइरहेको विभिन्न परियोजनाहरूको प्रगति र आर्थिक प्रतिवेदन प्रस्तुत गरीएको थियो। खुला सत्रको समाप्तिपछि संस्थाको साधारण सदस्यको उपस्थितिमा बन्द सत्रको आयोजना भएको थियो। खुला सत्रमा प्रस्तुत गरिएको प्रतिवेदन माथि बन्द सत्रमा वृस्तीत रूपमा छलफल गरी आवश्यक सल्लाह सुझाव पछि पारीत भएको थियो। यस सत्रमा संस्थाद्धारा कार्यान्वयन भइरहेको परियोजनालाई अझ प्रभावकारी रूपमा कसरी लान सकिन्छ भन्ने बारेमा समेत बृस्तीत रूपमा छलफल भई आवश्यक सल्लाह सुझावको आदान प्रदान समेत भएको थियो। साधारण सभामा नियमित रूपमा गर्दै आएको लेखा परिक्षकको नियुक्ति र हालसालै तयार गरिएको संस्थाको रणनैतिक योजना सो अवसरमा पारीत गर्नुको साथै (अन्य गतिविधिहरूलाई पनि यस वर्ष निरन्तरता दिँदै संस्थाको १६ औं साधारण सभा सम्पन्न भएको थियो।




## सहभागितात्मक रणनैतिक योजना कार्यशाला गोष्ठी




आगामी ५ वर्ष भित्रमा संस्थागत विकासका क्षेत्रहरूलाई कसरी अगाडि बढाउने भन्ने अनुरूप यस गोष्ठीले सहभागितात्मक रूपमा धेरै क्षेत्रहरूमा विश्लेषण गरेको छ। हाल सञ्चालन भइरहेको परियोजनाहरूलाई प्रभावकारी रूपमा अगाडि बढाउदै संस्थागत विकास पनि सँगसँगै लानु पर्छ भन्ने कुराको छलफल यस कार्यशाला गोष्ठीमा भएको थियो। यस गोष्ठीमा आगामी २०७३ साल सम्मको पञ्च वर्षिय रणनैतिक योजना तर्जुमा गरीएको थियो। यस सँगसँगै सँस्थागत विकासका पाटोलाई अगाडि बढाउन SWOT विश्लेषण समेत गरीएको थियो। यस रणनैतिक योजनालाई प्रभावकारी रूपमा कार्यन्व्यन गर्नको लागि १ वर्ष बार्षिक योजनाको विकास गरी त्यसलाई फेरी त्रैमासिक रूपमा गर्नु सकिने गरी कार्य योजनाको विकास गरीएको छ।

यस सँस्थाले २०६१ साल देखि २०६६ साल सम्म विकास गरीएको ५ वर्षे रणनैतिक योजनाको अवधि पूरा भएको हुनाले आगामी ५ वर्षे रणनैतिक योजना विकास गर्ने लक्ष्य अनुरूप असोज १ देखि ३ गते सम्म किर्तिपुरको हिल साइड होटलमा सहभागितात्मक रणनैतिक योजना कार्यशाला गोष्ठी सम्पन्न भएको थियो। विगतको ५ वर्षे रणनैतिक योजना सफलतापूर्वक सम्पन्न गरी त्यस रणनैतिक योजनाले दिशा निर्देश गरे अनुसारको कृयाकलापहरूले सँस्थागत विकासमा ठूलो सहयोग पुगी नेपालको १० वटा जिल्लामा कार्यक्षेत्र विकास गर्न सकेको छ।

यस कार्यशाला गोष्ठीबाट ५ वर्षको लागि "दिगो विकासको लागि सीमान्तकृत समुदायको समावेशीकरण, कार्यक्रममा विविधता र सहास नेपालको सुदृढिकरण" भन्ने सम्वाह परिकल्पना समेतको विकास भएको छ।

यस गोष्ठीमा संस्थाका अध्यक्ष र कार्यकारीणी समितिका सदस्य, साधारण सदस्य, सल्लाहकार तथा विभिन्न परियोजनामा कार्यरत कर्मचारीहरू गरी जम्मा २१ जनाको सहभागिता थियो। उत्तम उप्रेती र डम्मर राईको सहजीकरणमा सञ्चालित कार्यक्रममा समूह छलफल, प्रस्तुतिकरण, विचार मञ्चन कथा र खेलका माध्यमबाट सहभागितामूलक साथै प्रभावकारी भएको थियो।

SAHAS-NEPAL
सहास-नेपाल
# सहास समाचारपत्र
अङ्क ७ कात्तिक २०६८





# कोदोः जादुयी अन्न

नेपालमा खाद्य सुरक्षा नै दिगो विकासको मूल मन्त्र हो। वर्तमान अवस्थामा विश्वव्यापी जलवायु परिवर्तनका कारण साना किसानहरू खाद्य असुरक्षाको जोखिममा रहेका बेला खाद्य सुरक्षा र जलवायु परिवर्तनको समस्यालाई सम्बोधन गर्न अनुसन्धानका क्रियाकलापहरू खाद्यवस्तु उत्पादनमा वृद्धि ल्याउन तर्फ केन्द्रित गर्नु पर्ने देखिन्छ। खाद्यान्नको गुणस्तर र मात्रा दुवैमा सुधार ल्याउनु पर्ने अवस्थामा कोदो खेती वरदान सावित हुन सक्छ।

हाले गरिएका जलवायु परिवर्तन सम्बन्धी अध्ययनहरूले के देखाउछन् भने यस सताब्दीको अन्तिम सम्ममा यदि यसै प्रकारले मनसुनी गतिविधिमा परिवर्तन आउने हो भने अनावृत्ति तथा खडेरीको समस्या टड्कारो रूपमा देखा पर्नेछ। धान र गहुँ जस्ता वालीहरूको खेती तथा उत्पादन नराम्रो रूपले प्रभावित हुनेछ। यस्तो अवस्थामा त्यस्ता किसिमका कृषि अनुकुलनका उपयुक्त विधिहरू अपनाउनु जरूरी हुन्छ जसले बढ्दो जनसंख्याको खाद्यान्न आवश्यकता लगातार रूपमा पूर्ति गर्दै जानुको साथै जलवायु परिवर्तनका समस्याहरूलाई पनि न्यूनिकरण गर्दै जान सकोस।

## कोदो नै किन ?

### ▪ यसलाई थोरै पानी भए पुग्छ।

| वाली | आवश्यक पानीको मात्रा (मि.मि.) |
|---|---|
| कोदो | ३५० |
| धान | १२०० – १३०० |
| मकै | ५०० – ५५० |
| केरा | २००० – २२०० |
| उखु | २००० – २२०० |

कोदो कम पानी भए पुग्ने र खडेरी पनि सहन सक्ने अन्नवाली हो। १ के.जि. धान उत्पादन गर्न ४,००० लिटर पानी चाहिन्छ भने कोदो सिंचाई विना पनि उत्पादन गर्न सकिन्छ। वर्तमान अवस्थामा देखिएको जलवायु परिवर्तनको संकटलाई हेर्दा कोदो खेती एक अचुक उपाय हो। नेपालमा आकासे पानीको भरमा खेती गरिने धान र गहुँ जस्ता महत्वपूर्ण अन्नवालीको उत्पादन हुन नसक्ने अवस्थामा कोदोको महत्व झनै बढि देखिन्छ।

### ▪ यसलाई रूखो माटोमा पनि लगाउन सकिन्छ।

कोदोलाई धेरै प्रकारको माटोमा राम्ररी खेती गर्न सकिन्छ। अम्लिय देखि लिएर क्षारीय र बलौटे माटोमा पनि यसलाई लगाउन सकिन्छ। धान र गहुँ लगाउन नमिल्ने माटोमा कोदो खेती गर्न सके अन्न उत्पादन तथा गाई बस्तुको लागि घाँसको राम्रो व्यवस्था हुन सक्छ जसले गर्दा गरीब किसानहरूको खाद्य सुरक्षामा यसले ठूलो भूमिका निभाउन सक्छ।

### ▪ यो पोषक तत्वको भण्डार हो।

धान र गहुँको तुलनामा कोदोमा धेरै गुणा पोषक तत्व हुन्छ। विशेष गरी मिनेरल, फलाम, क्यालसियम र फाइवर उल्लेखनीय मात्रामा देखिन्छ।

| बालि | प्रोटिन | फाइवर | मिनेरल | आइरन | क्यास्लियम |
|---|---|---|---|---|---|
| खाद्य तत्व | (ग्राम) | ग्राम | ग्राम | मिलिग्राम | मिलिग्राम |
| कोदो | ७.३ | ३.६ | २.७ | ३.९ | ३४४ |
| धान | ६.८ | ०.२ | ०.६ | ०.७ | १० |
| गहुँ | ११.८ | १.२ | १.५ | ५.३ | ४१ |



### ▪ यसलाई रासायनिक मल तथा विषादीको आवश्यकता पर्दैन।

धान र गहुँलाई जसरी कोदोलाई रासायनिक मल र विषादिको आवश्यकता पर्दैन। वरू सुख्खा अवस्थामा रासायनिक मल विना पनि यसको उत्पादन झन धेरै हुन आउँछ। यस्तो वेला सुधारीएको गोठेमलको प्रयोग गर्दा वातावरणीय दृष्टिकोणले पनि फाइदा जनक देखिन्छ। वातावरण मैत्री हुनुको साथै रासायनिक मल किन्नु नपर्ने हुँदा आर्थिक हिसाबले पनि कोदो खेती सजिलो छ। यस अलावा रोग किरा पनि यसमा एकदमै कम देखिन्छ। कोदोको यहि गुणका कारण कोसेवालीहरूको भण्डारण गर्दा यसलाई प्रयोगमा ल्याइन्छ।

### ▪ यसलाई धेरै किसिमले प्रयोग गर्न सकिन्छ।

नेपालका पहाडि भेगहरूमा कोदो विशेष गरी ढिँडो र रोटीको रूपमा खाइन्छ। यसमा पाइने पोषिलो खाद्य तत्वका कारण यसमा औषधीय गुण रहेको हुँदा बच्चा बुढापाका र विरामीहरूका लागि यो एकदमै फाइदाजनक छ। यसका दानाबाट मदिरायुक्त रक्सी पनि बनाइन्छ। नेपालका विभिन्न जातजाति माझ यसरी बनाइएका कोदोको रक्सीको विशेष परम्परागत र साँस्कृतिक महत्व छ। यसको घाँस गाई बस्तुलाई खुवाइन्छ। खास गरी दुहुना गाई बस्तु र खेत जोत्ने गोरूको लागि यसको घाँस उत्तम मानिन्छ। यी बाहेक यसका पराल छाना हाल्न, भाँडा कुँडा बनाउन र विभिन्न हस्तकलाका सामग्रीहरू बनाउन पनि प्रयोग गर्न सकिन्छ ।

### ▪ यसलाई लामो समयसम्म भण्डारण गर्न सकिन्छ।

कोदोको सबैभन्दा राम्रो कुरा भनेको यसलाई लामो समय सम्म भण्डारण गरेर राख्न सकिन्छ। यसको अर्थ, अरू अन्न बालीको अभाव नभईन्जेल सम्म यसलाई जोगाएर राख्न सकिन्छ। यस कारण कोदोलाई भोकमरीबाट बचाउने अन्नका रूपमा पनि लिइन्छ। यसलाई लामो समयसम्म राख्न सकिने कारण यसको दानाको सानो साइज नै हो। जसका कारण कीरा सजिलै दाना भित्र छिर्न सक्दैन र हानी हुनबाट रोकिन्छ। ओसिलो ठाँउमा ठूला दाना भएका मकै जस्ता अन्न वाली भन्दा साना दाना भएको कोदोलाई बढी समय सम्म भण्डारण गर्न सकिन्छ। यसरी वर्षा याममा पनि यसलाई भण्डारण गर्दा सजिलै कुहिन्न।

## कोदो जलवायु परिवर्तन सहन सक्ने अन्नवाली हो।

माथि उल्लेखित गुणहरूका कारण वर्तमान परिप्रेक्ष्यमा जलवायू परिवर्तनद्धारा सिर्जित समस्यालाई सम्बोधन गर्न कोदो एक अति उपयोगी अन्न वाली हो। भविष्यमा हाम्रा सामु जलवायु परिवर्तनका ३ मूख्य चुनौतीहरू निम्न लिखित रूपमा देख्न सक्छौं।

१. २–५ डिग्री सेल्सियस सम्म तापक्रममा बृद्धि

२. पानीको समस्यामा वृद्धि

३. भोकमरीको समस्यामा वृद्धि

- कोदो खेती खडेरी भएको खण्डमा पनि गर्न सकिने हुनाले यसले बढ्दो तापक्रम सहन सक्छ।
- यसलाई एकदमै थोरै पानी (३५० मिमि) भए पनि पुग्ने हुनाले बढ्दो पानीको समस्यासँग पनि जुध्न यो एक सक्षम बाली हो।
- यो दर्जनौ खाद्य तत्वको भण्डार भएकोले भोकमरी जस्ता समस्यासँग लड्न यो एक महत्वपूर्ण अन्न हो।

## अन्त्यमा....

ग्रामीण समुदायका गरीब किसानहरूको खाद्य तथा पोषण सुरक्षाको सुनिश्चतता गर्नुको साथै स्थानीय उत्पादन प्रणालीको दीगोपनालाई जोड दिन कोदो एक उत्कृष्ट अन्न वाली हो। यसलाई विभिन्न किसिमका माटोमा उत्पादन गर्न सकिने, थोरै पानी भए पनि पुग्ने, सुख्खा पहाडि भेगमा पनि खेती गर्न सकिने भएकोले धान र गहुँ जस्ता अन्न वाली लगाउन नसकिने भू-भागहरूमा यसको सफलतापूर्वक खेती गर्न सकिन्छ। धेरै मल र जलको आवश्यकता नहुनुका साथै अति पोषण युक्त अन्न हुनुका कारणले यसको उपयोगीतामा विविधता ल्याई मूल्य अभिबृद्धि गर्न सकेमा साना किसानहरूको लागि यसले आय आर्जनका प्रशस्त ढोकाहरू पनि खोलि दिन सक्छ।





# "मूल्यमा स्थिरता, खाद्य सुरक्षामा सुनिश्चतता"

## ३१ औं विश्व खाद्य दिवस

वि.स. २०५२ मा संयुक्त राष्ट्रसंघको खाद्य तथा कृषि संगठन (FAO) को स्थापना भएको दिनको सम्झनामा हरेक वर्ष October १६ तारीखका दिन विश्व खाद्य दिवस मनाउँदै आएको छ। भोकमरी तथा कुपोषणको समस्याहरुको बारेमा जनचेतना जगाई यसको विरुद्धमा कदम उठाउन प्रोत्साहित गर्नु नै यस दिनको मूल उद्देश्य रहेको छ। वि.स. २०३८ देखि हरेक वर्ष यस दिनलाई विश्व खाद्य दिवसका रुपमा विश्वका १५० भन्दा बढी देशहरुमा मनाउँदै आएको छ।

यहि अवसरमा "मूल्यमा स्थिरता, खाद्य सुरक्षामा सुनिश्चतता" भन्ने नारा सहित नेपालमा पनि ३१ औं खाद्य दिवस मनाइयो। विशेषत विगत १८ महिनाका अवधिमा मकैको मूल्य ७४ प्रतिशतले बढ्यो भने चामलको मूल्य १६६ प्रतिशतले बढ्यो। यस्तो उच्च मूल्य वृद्धिको कारणले खाद्य सुरक्षामा ठूलो असर पुऱ्याएको छ। तसर्थ मूल्य वृद्धिका कारणहरु पत्ता लगाई यसबाट पर्न गएको असरलाई न्यूनिकरण गर्नु नै यस वर्षको विश्व खाद्य दिवसको मूल उद्देश्य रहेको छ।




३१ औं विश्व खाद्य दिवस तथा १९ औं विश्व गरीबी निवारण दिवसका अवसरमा सहास नेपालको स्थानीय प्रयासद्धारा जीविकोपार्जन सुधार परियोजनाले यहि २०६८ साल असोज ३० गते तनहुँको आँबुखैरेनीमा चेतनामूलक लोकगीत प्रतियोगिताको आयोजना गरेको थियो। परियोजना सञ्चालनमा रहेका गोर्खा, धादिङ्ग र तनहुँ जिल्लाका जम्मा १२ वटा समूहमा आवद्ध समुदायहरूको सहभागिता रहेको यस कार्यक्रमको मूल उद्देश्य खाद्य सुरक्षा र गरीबी निवारण सम्बन्धी चेतना फैलाउने थियो। सोहि अवसरमा परियोजनामा सहभागी कृषकहरूले उत्पादन गरेका तरकारी तथा फलफुलहरूको समेत प्रर्दशनी गरीएको थियो।

स्थानीय समुदायहरूको उल्लेखनीय उपस्थित रहेको यस कार्यक्रममा धादिङ्ग, गोर्खा र तनहुँका सरकारी कार्यालयका प्रतिनिधिहरुः प्रमुख जिल्ला अधिकारी (गोरखा), डि.एस.पि., स्थानीय विकास अधिकारी (धादिङ्ग) लगायत जिल्ला कृषि विकास कार्यालय, जिल्ला शिक्षा कार्यालय, जिल्ला वन कार्यालयका प्रतिनिधिहरूको उपस्थिति थियो। साथै सरोकारवाला निकाय, राजनैतिक दलका प्रतिनिधि तथा विभिन्न गैर सरकारी संस्थाका प्रतिनिधिहरूको समेत उपस्थित थियो। प्रतियोगितामा सहभागीहरूले कृषि प्रणालीमा सुधार तथा खाद्य सुरक्षाका उपाय अवलम्बन गर्न र प्राङ्गारीक खेतीमा जोड दिन कृषकहरूलाई प्रोत्साहन गर्न गीत मार्फत् सन्देश दिएका थिए।

कार्यक्रमको अन्त्यमा उत्कृष्ट प्रतियोगीहरूलाई नगद पुरस्कार, शिल्ड तथा प्रमाण पत्रद्धारा सम्मानित गरिएको थियो। त्यसै गरी प्रदर्शनीमा उत्कृष्ट भएका कृषकहरूलाई पनि पुरस्कारको व्यवस्था गरीएको थियो। स्थानीय समुदायहरू तथा उपस्थित सम्पूर्ण दर्शकहरूलाई यस कार्यक्रमले राम्रो प्रभाव पारेको थियो।

# ३१ औं खाद्य दिवस ऱ्याली

सोही अवसरमा नेपालमा खाद्य अधिकारको राष्ट्रिय सञ्जालको आयोजनामा ऱ्याली पनि सम्पन्न गरियो। रत्नपार्कको शान्ति बाटिकाबाट शुरू भएर बागबजार हुदै भृकुटि मण्डप, शहिदगेट, न्यूरोड भई अन्त्यमा रत्नपार्कमै टुङ्गिएको ऱ्याली कोण सभामा परिणत भएको थियो। राष्ट्रिय सञ्जालका सदस्य संस्थाहरू, सहास नेपाल, फियान नेपाल, आर.आर.एन, इन्सेक, कारितास, जागरण नेपाल, नेपाल मजदुर किसान महासंघ आदिको सहभागिता रहेको सो ऱ्यालीमा खाद्य सुरक्षाका विषयमा विभिन्न प्रतिनिधिहरूले भाषण पनि दिएका थिए। सो ऱ्यालीमा ३०० जना भन्दा धेरैको सहभागिता रहेको थियो।

जल वायु परिवर्तन र बढ्दो तापक्रमका कारण खाद्य वस्तुको मूल्यमा आएको अस्थिरता र खाद्य सुरक्षामा पर्न गएको यसको नकरात्मक असरको बारेमा सर्वसाधारणलाई जानकारी दिलाउनु नै यस ऱ्यालीको मुख्य उद्देश्य थियो। जलवायु परिवर्तन, परम्परागत कृषि प्रणाली, वन विनाश, सर्व साधारणमा चेतनाको अभाव, कालो बजारी साथै स्पष्ट सरकारी नीति नियमको अभावलाई नेपालमा खाद्य असुरक्षाका मूल कारणहरू मानिन्छन्।



SAHAS-NEPAL सहास-नेपाल
# सहास समाचारपत्र
अङ्क ७ कात्तिक २०६८



## क्षमता विकास तालिम




कर्मचारीहरूको क्षमता विकास गर्ने उद्देश्यले सहास नेपालले यही २०६८ श्रावण ५ देखि ८ गते सम्म पोखरामा र श्रावण २० देखि २३ गते सम्म नेपालगञ्जमा गरी २ ठाउँमा क्षमता विकास तालिमको आयोजना गरेको थियो। स्थानीय प्रयासद्धारा जीविकोपार्जन सुधार परियोजना (ELLEP) का कर्मचारीलाई पोखरामा र खाद्य सुरक्षा र जीविकोपार्जनका लागि सामुदायिक सशक्तिकरण परियोजना (CEFALS) का कर्मचारीलाई नेपालगञ्जमा दिएको उक्त ४ दिने तालिममा डम्बर तेम्बेले स्रोतकर्ताको भूमिका निभाएका थिए। CEFALS का ३८ कर्मचारी र ELLEP का २६ कर्मचारीको सहभागिता रहेको तालिम प्रभावकारी भएको र आफ्नो कार्य क्षमतामा विकास भएको जानकारी सहभागीहरूले दिएका थिए।

## नागरिक शिक्षा परियोजना: तेस्रो चरण

नेपालमा शान्ति र संविधान प्रक्रियाले पूर्णता नपाएको बेला संविधान सभाका सदस्यहरू र अन्य राजनैतिक दलका नेताहरूलाई झकझकाइ रहनु पर्ने अवस्था देखिन्छ। गरीब तथा उपेक्षित वर्गको हितमा घोषित समय सीमा भित्र नै संविधान निर्माण होस भनेर विभिन्न संघ संस्थाले वकालत तथा पैरवी गर्दै आएको छ। यही क्रममा संस्थागत विकास सञ्जाल र स्त्री शक्तिसँगको साझेदारीमा वि.स. २०६४ देखि २०६८ सम्ममा सहास नेपालले देशका १५ जिल्लामा नागरिक शिक्षा परियोजना लागू गर्दै आएको छ। मुलुक अझै पनि संक्रमण अवस्थामा रहेको र संविधान र शान्ति प्रक्रियालाई सहभागितात्मक रूपमा अघि वढाउन नागरीक शिक्षा परियोजनाको तेस्रो चरण भदौ वि.स. २०६८ देखि श्रावण २०७० सम्मको लागि विस्तार गरिएको छ।

## फोटोग्राफी तालिम

समुदाय स्तरमा भइरहेका विभिन्न विकासका क्रियाकलापहरूलाई उचित रूपमा दस्तावेजिकरण गर्नुपर्ने आवश्यकता अनुसार राम्रा र उत्कृष्ट किसिमका फोटोहरू खिच्न असोज ५ गते सहास नेपालको कार्यालय ललितपुरमा १ दिने फोटोग्राफी तालिमको आयोजना भएको थियो। कूल २१ कर्मचारीहरूको सहभागिता रहेको तालिममा हरि श्रेष्ठले स्रोत व्यक्तिका रूपमा सहयोग पुर्‍याउनु भएको थियो। तालिम पछि कर्मचारीहरूले क्यामराको बारेमा सम्पूर्ण जानकारी पाउनुको साथै राम्रो फोटो खिच्ने सीप समेत हासिल गरेका थिए।

## जलवायु परिवर्तन सम्बन्धी अवधारणा तालिम

विशेष गरी स्थानीय प्रयासमा खाद्य सुरक्षा रूपान्तरण परियोजना (LIFT) परियोजनाका कर्मचारूहरूलाई लक्षित गरी सहास–नेपालले USC Canada को सहयोगमा ३ दिने जलवायु परिवर्तन सम्बन्धी अवधारणा तालिम आयोजना भएको थियो। उक्त तालिम भदौ ५ देखि ७ गते सम्म सहास नेपालको केन्द्रीय कार्यालयमा आयोजना गरिएको थियो। USC Canada का डा. प्रताप श्रेष्ठ र भरत भण्डारीले उक्त तालिममा स्रोत व्यक्तिको भूमिका निभाउनु भएको थियो। जम्मा १२ जनाको सहभागिता रहेको तालिममा जलवायु परिवर्तन सम्बन्धी सामान्य जानकारी गराइनुका साथै त्यसका नकरात्मक प्रभावहरूको न्यूनिकरण गर्न परियोजना स्तरबाट के गर्न सकिन्छ र कसरी गर्ने भन्ने खालका छलफल भएको थियो। सोही विषयलाई लिएर आगामी दिनहरूका लागि कार्ययोजना पनि बनाइएको थियो।

## जर्मन समाचारपत्रमा दैलेखको कथा

**नेपालटिम जर्मनीको सहयोगमा वि.स. २०६६/६७ देखि सहास–नेपालले सामुदायिक संगठन मार्फत खाद्य सुरक्षा (IFCO) परियोजना दैलेख जिल्लाको ४ गा.वि.स. र १ महानगरपालिकामा सञ्चालन गर्दै आएको छ। गत चैत्र महिनामा नेपालटिमका प्रतिनिधिहरूले जिल्लाको भ्रमण गरेपछि सहास नेपालको काम देखेर अत्यन्तै प्रभावित भएका थिए। जसका कारण उनीहरूले जर्मनी पुगेपछि आफ्नो समाचार पत्रमा यसै जिल्लाको सफलताको कथालाई पनि समावेश गरेका थिए। उक्त समाचार पत्रमा प्रकाशित सफलताको कथा तल प्रस्तुत गरिएको छ।**



दैलेख जिल्लाको बदलाम्जी गा.वि.स.–५ मा जन्मिएका मुसलमान समुदायका मन्ताज मिया 'चुरे पर्वत प्रगतिशील' समूहका सदस्य हुन्। सहास नेपालको सहयोगमा पोखरामा आयोजित Village Animal Health Worker नामक ३५ दिने तालिममा भाग लिए पछि उनले आफ्नै गाउँमा एग्रोभेट खोले। क्रमिक रूपमा उनले गाइबस्तुको उपचार गर्न गाउँलेहरूका घर घरमै पुगेर सेवा दिन थाले। फलस्वरूप आज उनी आफ्नो गाउँमा एक प्रतिष्ठित व्यक्तिको रूपमा चिनिन सफल भएका छन्। अहिले त उनलाई छेउछाउका छिमेकी गाउँहरू चामुण्डा, बासी, रावतकोट, भैरीकालिकाथुमबाट पनि पशु उपचारको लागि अनुरोध आउन थालेको छ।

उनी भन्छन एस.एल.सी. परीक्षामा सफलता हासिल गर्न नसकेपछि म रोजगारको सिलसिलामा भारत गएँ तर त्यहाँ पनि सजिलो रहेनछ। धेरै हण्डर खाएपछि मैले आफ्नै गाउँमा फर्केर यही माटोमा केही गर्ने निधो गरे। फलस्वरूप गाउँ फर्केपछि सहास नेपालको सहयोगमा स्थापना भएको समुहमा सदस्य भए। एक दिन मैले पोखरामा ३५ दिने खब्ज तालिममा सहभागी हुने मौका पाए। त्यसपछि मेरो जिवनले पुरै कोल्टे फेर्‍यो। पहिले पहिले मसँग केहि काम छैन तर अचेल म एकदमै व्यस्त रहन्छु। मुसलमान भएपनि पशुको उपचार गर्ने क्रममा सुंगुरको उपचार गर्न पनि म हिचकिचाउँदिन। मेरो मिहिनेत देखेर मलाई गाउँका सबैले माया गर्छन्। सम्मान गर्छन्। अहिले म मासिक रू. ३५०० कमाउछु। यसरी आएको पैसाले मेरो परिवारको खर्च धान्न सहयोग पुगेको छ।

SAHAS-NEPAL सहास-नेपाल
**सहयोगी हातहरूको समुह (सहास) नेपाल**
पोष्ट बक्स:८९७५ इपीसी:१५९० ललितपुर
फोन:९७७-१-५५२३७७६ फ्याक्स:९७७-१-५५२३३०३
इमेल: sahasnepal@wlink.com.np वेभ साइट: www.sahasnepal.org.np